नेपालगञ्ज उपमहानगरपालिका

# सामाजिक परीक्षण प्रतिवेदन

(आ.ब. २०८१/८२)




NTR Pvt.Ltd Nepalgunj

नेपाल ट्रेनिङ्ग एण्ड रिसर्च प्रा. लि.
नेपालगञ्ज, बाँके

www.nepaltr.com.com
Email: ntrpvtltd@gmail.com
Cell: 9858023054


२०८२ फागुन २९ गते

NTR Pvt.Ltd. Nepalgunj

# कार्यकारी साराँश

नेपालगञ्ज उपमहानगरपालिका ले आर्थिक वर्ष २०८१/०८२ मा कार्यान्वयन गरेका विभिन्न योजना तथा कार्यक्रमहरूको सामाजिक परीक्षण सम्पन्न गरेको छ। नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई प्रदान गरिएको अधिकार र जिम्मेवारी अनुरूप सेवा प्रवाह, योजना कार्यान्वयन, पारदर्शिता र जवाफदेहिताको अवस्थाको मूल्याङ्कन यस अध्ययनको मुख्य उद्देश्य रहेको थियो ।

सामाजिक परीक्षणमा २१८ मध्ये उद्देश्यपूर्ण र सुविधाजनक नमूनाका आधारमा ६ वटा प्रमुख योजना तथा कार्यक्रम समेटिएका छन :

१. बागेश्वरी मन्दिर परिसर सुधार तथा पुल स्तरोन्नति ।
२. श्री फुल्टेक्रा माध्यमिक विद्यालय भवन निर्माण ।
३. उच्च जोखिममा रहेका घरहरूको बीमा कार्यक्रम ।
४. एडभान्स फेसन डिजाइन तालिम ।
५. भैसी प्रवर्द्धन कार्यक्रम ।
६. दोन्द्रा नाला सरसफाइ कार्य ।

अध्ययनबाट अधिकांश कार्यक्रमहरूले सामाजिक तथा आर्थिक रूपमा सकारात्मक प्रभाव पारेको देखिएको छ । विद्यालय भवन निर्माणले विद्यार्थी संख्या वृद्धि र शैक्षिक वातावरण सुधार गरेको छ । भैसी प्रवर्द्धन कार्यक्रमले मासिक रु. १६,८०० देखि १,०५,०० सम्म आम्दानी सिर्जना गरी स्वरोजगार प्रवर्द्धन गरेको छ । बीमा कार्यक्रमले विपद् जोखिम न्यूनीकरणतर्फ जनचेतना र सुरक्षाको भावना विकास गरेको छ । फेसन डिजाइन तालिमले महिलाको सीप, आत्मविश्वास र आंशिक रोजगारी वृद्धि गरेको छ । नाला सरसफाइ कार्यले डुबान समस्या कम गरी व्यापार र स्वास्थ्यमा सकारात्मक असर पारेको छ ।

यद्यपि, केही कार्यक्रमहरूमा प्रक्रिया पारदर्शिता, अनुगमन, दस्तावेजीकरण, दिगोपना, बीमा नवीकरण, प्राविधिक सहयोग, तथा श्रमिक सुरक्षा जस्ता पक्षमा कमजोरीहरू देखिएका छन् । सामाजिक परीक्षण समन्वय समिति गठन नभएको, बेसलाइन तथ्यांक अभाव, र व्यवहार परिवर्तन सञ्चारको कमी जस्ता विषय सुधार गर्नुपर्ने देखिएको छ ।

समग्रमा, सामाजिक परीक्षणले उपमहानगरपालिकाको सुशासन सुधार, नागरिक सन्तुष्टि अभिवृद्धि, र आगामी योजना तर्जुमा गर्न मार्गदर्शन प्रदान गरेको छ ।

NTR Pvt.Ltd. Nepalgunj

# बिषयसूची


कार्यकारी सारांश ....... १

१. पृष्ठभूमि ....... ३

२. सामाजिक परीक्षणको उद्देश्य ....... ४

३. अध्ययन विधि ....... ४

३.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन ....... ४

३.२ सामाजिक परीक्षण गर्ने र प्रश्नावलीबारे छलफल ....... ४

३.३ सामाजिक परीक्षण फोकल पर्सनसँग नियमित समन्वय ....... ५

३.४ मुख्य पदाधिकारीसँग अन्तरवार्ता ....... ५

३.५ स्थलगत अध्ययन अवलोकन र छलफल ....... ५

३.६ प्रारम्भिक प्रतिवेदन तयारी, प्रस्तुती तथा छलफल ....... ६

३.७ अन्तिम रुप दिइएको प्रतिवेदन हस्तान्तरण, सार्वजनिकीकरण तथा कार्यान्वियन ....... ७

४. अध्ययनको सीमा ....... ७

६. बिषयगत कार्यालय, निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँगको सहकार्य ....... ८

७. सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु ....... ८

८. सामाजिक परीक्षणवाट देखिएका सुधार गर्नु पर्ने कुराहरु/कमजोरीहरु ....... १२

९. योजना तथा कार्यक्रमपश्चात देखिएका सामाजिक तथा आर्थिक प्रभावहरु ....... १४

१०. सामाजिक जिम्मेवारी पुरा गर्न संघीय र स्थानीय तहले गर्नु पर्ने कार्यहरु/ सुझावहरु ....... १६

११. निष्कर्ष ....... २२

अनुसूची १: सामाजिक परीक्षणमा सहभागी महानुभावहरु ....... २३

अनुसूची २: सामाजिक परीक्षण गरिएका योजना तथा कार्यक्रमसँग सम्बन्धित प्रश्नावलीहरु ....... २९

अनुसूची ३: सामाजिक परीक्षणका क्रममा लिइएका तश्वीरहरु ....... ४१

अनुसूची ४: प्रारम्भिक प्रतिवेदन प्रस्तुती तथा छलफल कार्यक्रमका सहभागीहरु ....... ५३

अनुसूची ५: प्रारम्भिक प्रतिवेदन प्रस्तुती तथा छलफल कार्यक्रमसँग सम्बन्धित तश्वीरहरु ....... ५६

सन्दर्भ सामग्रीहरु ....... ५८




NTR Pvt.Ltd. Nepalgunj




CamScanner

## १. पृष्ठभूमि

नेपालको संविधान २०७२ ले राज्यशक्तिको प्रयोगलाई संघ, प्रदेश र स्थानीय गरी तीन तहमा विनियोजन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई संस्थागत गरेको छ। यसै संरचना अनुरूप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई नीति निर्माण, कानुन तर्जुमा, मापदण्ड कार्यान्वयन र नियमन गर्ने अधिकार प्रदान गरेको छ । स्थानीय सरकार जनताको घरदैलोमा सेवा प्रवाह गर्ने सबैभन्दा निकटतम प्रशासनिक निकाय भएकोले यसको संस्थागत विकास, पारदर्शिता र अनुशासन अनिवार्य सर्त हुन् ।

सुशासनका विभिन्न आयामहरूमध्ये सरकारको जनताप्रतिको जवाफदेहिता एक आधारभूत तत्व हो । सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जनमुखी बनाउन प्रयोग गरिने विभिन्न विधिहरूमध्ये सामाजिक परीक्षण (Social Audit) एक महत्वपूर्ण विधि हो । नेपालगञ्ज उपमहानगरपालिकाले गत आर्थिक वर्ष (आ.व) २०८१/०८२ मा सम्पादन गरेका योजना, कार्यक्रम तथा प्रवाह गरेका सेवाहरुको सामाजिक लेखाजोखा गरी नागरिक सन्तुष्टि र सुशासनको अवस्था चित्रण गर्न सामाजिक परीक्षण गरिएको छ ।

नेपाल सरकारले लक्षित समुदायको समग्र विकासका लागि स्थानीय तहलाई विभिन्न अनुदान र विशेष बजेट उपलब्ध गराउँदै आएको छ । स्थानीय तहमा वित्तीय हस्तान्तरणको आकार बढ्दै जाँदा नागरिकका अपेक्षा पनि स्वाभाविक रूपमा वृद्धि भएका छन् । यी अपेक्षाहरूलाई सम्बोधन गर्न र स्थानीय स्तरमा सञ्चालित विकास निर्माण र सेवा कार्यहरूको सामाजिक उत्तरदायित्व वहन गर्न सामाजिक परीक्षणले पुलको काम गर्दछ ।

नेपाल सरकारले स्थानीय तहको न्यूनतम सर्त तथा कार्यसम्पादन मापन (MCPM) का सूचकहरूमा समेत सामाजिक परीक्षणलाई समावेश गरेको छ । यस व्यवस्था अनुसार आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र सामाजिक परीक्षण सम्पन्न गर्नु अनिवार्य छ। यस प्रक्रियाले योजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक एवं सामाजिक विकासमा पुऱ्याएको योगदानको वस्तुनिष्ठ विश्लेषण र मूल्याङ्कन गर्दछ ।

नेपालगन्ज उपमहानगरपालिकाले पनि आफ्नो कार्यसम्पादनलाई थप सुदृढ, प्रभावकारी र नागरिकमैत्री बनाउन यो सामाजिक परीक्षण कार्य सम्पन्न गरिएको छ । यस प्रतिवेदनमा समेटिएका पृष्ठपोषण र सुझावहरूले आगामी वर्षको योजना तर्जुमा, सामाजिक विकासका दायित्व पुरा गर्न र भविष्यका रणनीतिहरू तय गर्न ठोस आधार प्रदान गर्ने अपेक्षा गरिएको छ ।



CamScanner

## २. सामाजिक परीक्षणको उद्देश्य

आर्थिक बर्ष २०८१/०८२ मा नेपालगञ्ज उप-महानगरपालिकाले सम्पन्न गरेका कार्यक्रम र कार्यसम्पादनको लेखाजोखा र सोबाट समुदायमा परेको सामाजिक तथा आर्थिक प्रभाव एवम् सामाजिक उत्तरदायित्व पुरा भए/नभएको परीक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको मुख्य उद्देश्य हो ।

यस कार्यक्रमका विशिष्ट उद्देश्यहरू यसप्रकार छन्:

- स्थानीय सरकारको रुपमा नेपालगन्ज उपमहानगरपालिकाले सेवा प्रदान गर्न, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न अनुशरण गरेका कानूनहरुको समिक्षा गर्ने ।
- गत आर्थिक वर्षमा सञ्चालित साना, मझौला र ठूला योजना तथा कार्यक्रमहरुमध्ये नमूनाका रुपमा छनौट भएका योजना तथा कार्यक्रमहरुको सबल र सुधार गर्नु पर्ने पक्षहरु पहिचान गर्ने ।
- गत आ. व. मा सञ्चालित मध्ये सामाजिक परीक्षणका लागि छनौट भएका योजना तथा कार्यक्रमहरुको सामाजिक तथा आर्थिक प्रभाव लेखाजोखा गर्ने ।
- उपलब्ध स्रोतसाधनको उच्चतम सदुपयोग एवम् उच्च सामाजिक जिम्मेवारी पुरा गर्नका लागि चाल्नु पर्ने कदम तथा सुझावहरु उपलब्ध गराउने ।

## ३. अध्ययन विधि

सामाजिक परीक्षणका चरणवद्ध प्रकृया पुरा गरेर सम्पन्न गर्न देहायका विधिहरू प्रयोग गरिएको थियो :

### ३.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन

सामाजिक परीक्षण गर्ने क्रममा नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, नेपालगञ्ज उपमहानगरपालिकाका ऐन, नीति, कार्यविधिहरू, निर्देशिकाहरू, वार्षिक कार्यक्रम, लक्ष्य, प्राथमिकता, कार्यपालिकाका निर्णय, नीतिगत व्यवस्था, कार्यक्रमको योजना, कार्य सम्पन्न प्रतिवेदन लगायतका सामाग्रीको अध्ययन गरिएको थियो ।

तत्पश्चात् सामाजिक परीक्षण सम्बन्धी कार्यविधि (सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७७) अनुशरण गरेर थप तयारी एवम् प्रकृया पुरा गरिएको थियो ।

### ३.२ सामाजिक परीक्षण गर्ने र प्रश्नावलीबारे छलफल

सामाजिक परीक्षणको प्रकृया अघि बढाउने सिलसिलामा सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७७ को दफा १५ (१) अनुसार नेपालगञ्ज उपमहानगरपालिकामा समाजिक परीक्षण समन्वय समिति गठन नभएकोले सम्वन्धित शाखा प्रमुखहरुसंग सामाजिक परीक्षणकालागि तयार



NTR Pvt.Ltd. Nepalgunj

CamScanner

गरिएका प्रश्नावलहिरुबारे छलफल गरि सहयोगकालागि अनुरोध गरियो । सम्बन्धित शाखाबाट छलफलमा सहभागी हुन भएका महानुभावहरुको नाम अनुसूची १ मा संलग्न छ ।

### ३.३ सामाजिक परीक्षण फोकल पर्सनसँग नियमित समन्वय

सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ बमोजिम सामाजिक परीक्षण कार्यको समन्वय तथा सामाजिक परीक्षकलाई सहयोग गर्न पालिकामा सामाजिक परीक्षण समन्वय समिति गठन गर्ने प्रावधान भए पनि नेपालगञ्ज उपमहानगरपालिकाले सो समिति गठन नभएको सन्दर्भमा उपमहानगरपालिकाको सामाजिक गैसस तथा साझेदारी विकास शाखा प्रमुखज्यू (सामाजिक परीक्षण फोकल पर्सन) सँग नियमित रुपमा समन्वय गरेर सामाजिक परीक्षणको कार्य सम्पन्न गरिएको छ ।

### ३.४ मुख्य पदाधिकारीसँग अन्तरवार्ता

सामाजिक परीक्षणको क्रममा परामर्श सेवा प्रदायक संस्थाका प्रतिनिधिहरुले उपमहानगरपालिकाका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित शाखा प्रमुख/कर्मचारीहरुसँग अर्धसंरचित अन्तरवार्ता लिई एवम् परामर्श गरी प्राप्त सूचना तथा तथ्याङ्क संकलन गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषय सम्वन्धित शाखा प्रमुख/कर्मचारीहरूसँग छलफल गरि वास्तविक अवस्था बुझ्ने प्रयत्न गरिएको थियो । साथै सामाजिक परीक्षण प्रतिवेदन तयार गर्ने सन्दर्भमा प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गर्न प्रश्नावलीहरु तयार गरिएको थियो । सामाजिक परीक्षण गरिएका योजना तथा कार्यक्रमसँग सम्वन्धित प्रश्नावलीहरु अनुसूची २ मा दिइएको छ ।

### ३.५ स्थलगत अध्ययन अवलोकन र छलफल

सामाजिक परीक्षणका क्रममा नेपालगञ्ज उपमहानगरपालिकाले गत आ.व. २०८१/८२ मा सम्पन्न गरेका योजना तथा कार्यक्रमहरुमध्ये परामर्श सेवा प्रदायकको सहजीकरणमा सबै शाखा प्रमुखहरुको बैठकबाट ५ वटा योजना तथा कार्यक्रमहरु छनोट गरिएको थियो । ती योजना तथा कार्यक्रमहरुको स्थलगत अवलोकन र लक्षित समुदायहरुसँग विभिन्न चरणको छलफल गरिएको थियो । स्थलगत अध्ययन अवलोकनका क्रममा देखिएका र छलफलका क्रममा प्राप्त प्रतिक्रिया, सामाजिक तथा आर्थिक प्रभाव र सुझावलाई प्रतिवेदनमा समावेश गरिएको छ ।

स्थलगत अध्ययन अवलोकन र विभिन्न छलफलमा सहभागीहरुको उपस्थिति अनुसूची १ मा संलग्न गरिएको छ । त्यसैगरी स्थलगत अध्ययन अवलोकन र छलफलमा सहभागीहरुको तश्विर अनुसूची ३ मा संलग्न गरिएको छ ।

स्थलगत अध्ययन अवलोकन गरिएका योजना तथा कार्यक्रमहरुको विवरण यसप्रकार छन्:



NTR Pvt.Ltd. Nepalgunj

CamScanner

| क.सं. | योजना/कार्यक्रमको नाम |
|---|---|
| १ | बागेश्वरी मन्दिर स्थित जुड्ने महादेव मूर्ति र शिवलिङ्ग स्थापना, सरसफाई र मन्दिर जाने पुल स्तरोन्नती |
| २ | स्थानीयको साझेदारीमा श्री फुल्टेका मा.वि.को ४ कोठे भवन निर्माण |
| ३ | उच्च जोखिममा रहेका घरहरुको बीमा कार्यक्रम |
| ४ | एडभान्स फेसन डिजाइन तालिम |
| ५ | भैसी प्रवर्द्धन कार्यक्रम |
| ६ | दोन्द्रा नाला सरससफाइ कार्य |

## ३.६ प्रारम्भिक प्रतिवेदन तयारी, प्रस्तुती तथा छलफल

सामाजिक परीक्षणका लागि छनौट भएका योजना तथा कार्यक्रम कार्यान्वयन प्रकृया, सम्पन्नताको स्तर, अनुभव गरेका प्रमुख समस्या, चुनौती र भावी कार्यदिशा समेतका बारेमा समेत गहन अध्ययन गरि तयार गरिएको प्रारम्भिक प्रतिवेदन उपमहानगरपालिकाले आयोजना गरेको बैठक/भेलामा प्रस्तुत गरिएको थियो। प्रतिवेदन प्रस्तुत गरेको मिति स्थान र समय निम्नानुसार थियो।

क. मिति : २०८२ फागुन २९ गते, शुक्रवार

ख. स्थान : सुनाखरी रेष्टुरेन्ट, नेपालगञ्ज

ग. समय : दिउँसो १ बजेदेखि ३ बजेसम्म

प्रतिवेदन प्रस्तुतिका क्रममा सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची-५ को आधारमा अनुसूची-९ अनुसार तयार गरिएको देहायका प्रकृया अवलम्वन गरिएको थियो :

- प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, संचालन विधि, समय र आचारसहिताबारे जानकारी दिइएको।
- सामाजिक परीक्षकबाट सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची-५ बमोजिम तयार गरिएको विवरणसहितको प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको।
- खुला छलफलको माध्यमबाट प्रस्तुत प्रारम्भिक प्रतिवेदन उपर सहभागीहरूको पृष्ठपोषण तथा सुझाव संकलन गरिएको।
- टिपोट गरिएका पृष्ठपोषण तथा सुझावहरुलाई विभिन्न खण्डमा विभाजन गरी अन्तिम प्रतिवेदनमा समावेश गरिएको।



NTR Pvt.Ltd. Nepalgunj

CamScanner

प्रारम्भिक प्रतिवेदन प्रस्तुती तथा छलफल कार्यक्रमका सहभागीहरुको उपस्थिति अनुसूची ४ मा र तश्विर अनुसूची ५ मा दिइएको छ ।

### ३.७ अन्तिम रुप दिइएको प्रतिवेदन हस्तान्तरण, सार्वजनिकीकरण तथा कार्यान्वयन

उल्लेखित प्रकृयाहरु पुरा गरी अन्तिम रुप दिइएको सामाजिक परीक्षण कार्यक्रमको प्रतिवेदन सार्वजनिक जवाफदेहिता प्रवंद्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची-९ अनुसार नेपालगन्ज उपमहानगरपालिकाका नगर प्रमुख श्री प्रशान्त विष्टज्यूलाई हस्तान्तरण गरिएको छ ।

हस्तान्तरण गरिएको प्रतिवेदनमा औंल्याएएका सकारात्मक तथा सुधार गर्नु पर्ने बुंदाहरूलाई नेपालगञ्ज उपमहानगरपालिकाले आगामी बोर्ड बैठकमा छलफल गरी सामाजिक जिम्मेवारी सुधारका लागि सम्वनिधत महाशाखा र शाखाहरुलाई निर्देशन दिनेछ । त्यसैगरी सम्बन्धित महाशाखा तथा शाखाहरुले आगामी दिनमा बनाउने नीति, योजना तथा कार्यक्रममा सामाजिक परीक्षण प्रतिवेदनमा उल्लेखित सुझावहरु अनुरुप बनाउने र तिनको प्रभावकारी कार्यान्वयन गर्ने विश्वास लिइएको छ ।

## ४. अध्ययनको सीमा

नेपालगञ्ज उपमहानगरपालिकाले आ.व. २०८१/८२ मा सम्पन्न गरेका योजना तथा कार्यक्रमहरुको सामाजिक परीक्षण गर्दा देहायका सीमाभित्र रहि सम्पन्न गरिएको छः

- नेपालगञ्ज उपमहानगरपालिकाका विभिन्न शाखा प्रमुखहरुसँग गरिएको योजना तथा कार्यक्रम छनौट बैठकले सिफारिस गरेका योजना तथा कार्यक्रमहरुको मात्र सामाजिक परीक्षण गरिएको ।
- छनौटमा परेका योजना तथा कार्यक्रमका सम्वन्धमा नेपालगन्ज उपमहानगरपालिकाले गरेका नीतिगत निर्णय, पुरा गरेका प्रक्रिया, कार्यान्वयनको अवस्था र कार्यान्वयन पछिको प्रभावका बारेमा अध्ययन गरिएको ।
- नेपालगञ्ज उपमहानगरपालिकाले कार्यान्वयन गरेका योजना तथा कार्यक्रमहरुमा जनसहभागिता र सुशासनको अभ्यासका बारेमा अध्ययन गरिएको ।
- नेपालगञ्ज उपमहानगरपालिकाले समयमा योजना तथा कार्यक्रम कार्यान्वयन गर्न नसक्दा जनताले भोगेका समस्या, सामाजिक तथा आर्थिक प्रभावको अध्ययन गरिएको ।
- नीति, नियम र प्रकृयाका अतिरिक्त अध्ययन कार्य योजना तथा कार्यक्रम कार्यान्वयनमा प्रत्येक्ष संलग्न कर्मचारी, साझेदार संस्थाका प्रमुख/प्रतिनिधिले र लक्षित लाभग्राहीहरुले उपलब्ध गराएको जानकारीमा आधारित रहेको ।
- समय तथा श्रोत साधनको सिमितताका कारण छनौट भएका सबै योजना तथा कार्यक्रमको स्थलगत अध्ययन अवलोकन र छलफलमा प्रतिनिधिमूलक सहभागीहरुको विचार



NTR Pvt.Ltd. Nepalgunj

CamScanner

लिइएको । उनीहरुको विचार सम्बन्धित अन्य व्यक्तिबाट जाँच गरिएको भएपनि पूर्ण रुपमा पक्षपातरहित रहेको निश्चित गर्न नसकिएको ।

## ६. विषयगत कार्यालय, निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँगको सहकार्य

आ.ब. २०८१/८२ को सामाजिक परीक्षणका लागि छनौट भएका योजना तथा कार्यक्रमहरुमध्ये देहायका कार्यक्रमहरु कार्यान्वयनका लागि नेपालगञ्ज उपमहानगरपालिकाले तल उल्लेख गरे बमोजिमका विषयगत कार्यालय, निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्य गरेको छ :

| क्र.सं. | महाशाखा/शाखा (विषयगत क्षेत्र) | योजना/कार्यक्रमको नाम | साझेदारी गरिएको संस्था |
|---|---|---|---|
| १. | सामाजिक विकास (धर्म तथा संस्कृति संरक्षण) | बागेश्वरी मन्दिर स्थित जुङ्गे महादेव मूर्ति र शिवलिङ्ग स्थापना, सरसफाई र मन्दिर जाने पुल स्तरोन्नती | श्री ग्रेटर नेपाल कन्स्ट्रक्सन, नेपालगञ्ज -१९, बाँके |
| २. | शिक्षा युवा तथा खेलकुद | स्थानीयको साझेदारीमा श्री फुल्टेका मा.वि.को ४ कोठे भवन निर्माण | उपभोक्ता समिति |
| ३. | विपद् व्यवस्थापन | उच्च जोखिममा रहेका घरहरुको बीमा कार्यक्रम | सिडिएम नेपाल |
| ४. | सामाजिक विकास (आर्थिक विकास) | एडभान्स फेसन डिजाइन तालिम | कृष्टिना मल्टि स्किल इन्स्टिच्यूट, नेपलगञ्ज -१२, बाँके |
| ५. | आर्थिक विकास (पशुपंक्षी शाखा) | भैसी प्रवर्द्धन कार्यक्रम | |
| ६ | वातावरण तथा सरसफाइ शाखा | दोन्द्रा नाला सरससफाइ कार्य | |

## ७. सामाजिक परीक्षणबाट देखिएका सबल पक्षहरु

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा उल्लेखित गाउँपालिका तथा नगरपालिकाको अधिकार क्षेत्र भित्र रहेर नेपालगञ्ज उपमहानगरपालिकाले आ. व. २०८१/८२ मा योजना तथा कार्यक्रम कार्यान्वयन गरेको देखिन्छ ।

यसरी कार्यान्वयन गरेकामध्ये सामाजिक परीक्षणमा समावेश योजना तथा कार्यक्रमहरुका सबल पक्षहरु यस प्रकार रहेका छन्:



NTR Pvt.Ltd. Nepalgunj

CamScanner

| |
|---|
| **क. बागेश्वरी मन्दिर स्थित जुङ्गे महादेव मूर्ति र शिवलिङ्ग स्थापना, सरसफाई र मन्दिर जाने पुल स्तरोन्नती** |
| • सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४, नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ र विद्यमान कानुनी प्रकृया पुरा गरेर तुलनात्मकरुपमा कम बोलपत्र पेश गरेको बोलपत्र स्वीकृत गरेको ।<br>• उच्च जोखिममा रहेको (करिब ७० बर्ष पुरानो) हिन्दु धर्मावलम्वीहरुको आश्थाको धरोहरुबाट संभावित क्षति हुन नपाउँदै पुनर्निर्माण गरेको ।<br>• शुरुको ठेक्का रकमबाट मात्र काम सम्पन्न नहुने र थप कार्य गर्नु परेको स्थितिमा थप कार्यकालागि पुनःबजेट बिनियोजन गरेर समेत काम सम्पन्न गरेको<br>• पूर्वानुमान गरेभन्दा फरक अवस्था सिर्जना हुँदा काम गर्ने समयावधि बढाएर सम्वन्धित ठेकेदार कम्पनीलाई जिम्मेवार गरी कार्य सम्पन्न गरेको, नियमानुसार जरिवाना काटेर समयमा भुक्तानी गरेको ।<br>• चोटपटक वा रडहरुबाट नबग्रिने अष्टधातुको जुँगे महादेवको मूर्ति पुर्नस्थापना गरेको ।<br>• तालमा ढल मिसाउन बन्द भएको र सफा गर्नु परेमा पानी कटाउने व्यवस्था मिलाइएको ।<br>• मन्दिर परिसर पहिलाकोभन्दा अझ व्यवस्थित गरेको र पुला चौडा गरेकोले धेरै भक्तजनहरुले एकै पटक पूजाआजा गर्न सहज भएको ।<br>• निर्माण कार्य सम्पन्न हुनासाथ शिव भगवानको पूजा गरिने विशेष महिना श्रावणको पहिलो सोमबार (२०८२ साउन ५ गते) पारेर प्राण प्रतिष्ठा गरि भक्तजनहरुको दर्शनका लागि खुला गरिएको<br><br>**सामाजिक परीक्षणका क्रममा भएको छलफलपश्चात दिइएको निर्देशनः**<br>• वागेश्वरी मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्षले हाल सञ्चालनमा नरहेको सरस्वती मन्दिर नजिकको समरसिवल तुरुन्त सञ्चालनमा ल्याउन गुठीका कर्मचारीलाई निर्देशन दिएको । |
| **ख. स्थानीयको साझेदारीमा श्री फुल्टेक्रा मा.बि.को ४ कोठे भवन निर्माण** |
| • सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४, नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१, नेपालगञ्ज उपमहानगरपालिकाको आ.ब. २०८१/८२ को क्रियाकलाप नं. ११.१.२.२९८६ स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि र विद्यमान कानुनी प्रकृया पुरा गरेर विद्यालय व्यवस्थापन समिति र स्थानीय अभिभावकलाई विद्यालयको विकासमा उत्तरदायी वनाउन उपभोक्ता समितिमार्फत कार्य गर्न जिम्मेवारी दिएको । |



Harsubesi NTR Pvt.Ltd. Nepalgunj



CamScanner

- नेपाल राष्ट्रिय भवन संहिता, २०६० र विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि २०८० अनुशरण गरी उपभोक्ता समितिमार्फत निर्धारित समयमा कार्य सम्पन्न गरेको ।
- निर्माण सम्पन्न भवनका कोठाहरु उज्याला र हावादार रहेको ।
- निर्माण सम्पन्न भएपश्चात विद्यालयले सामाजिक परीक्षण समेत गरेर समयमा बिल भर्पाई पेस गरी भुक्तानि प्राप्त गरेको ।
- नयाँ भवन बनेपश्चात विद्यार्थी संख्या बढेको (२०७८ मा ३०४ जना रहेकोमा २०८२ मा ३८९ पुगेको) ।
- निर्माण सम्पन्न भवनका ४ वटा कोठाहरु प्रध्यानाध्यापक कक्ष, स्टाफ रुम, कम्प्यूटर ल्याब तथा लेखा र सूचना प्रविधि कक्षाकोरुपमा प्रयोगमा रहेको ।
- नयाँ भवन भनेपछि सबै कक्षा एकै स्थानमा सञ्चालन गर्न सकिएको कारण दैनिक प्रशासन सञ्चालन र लागत प्रभावकारीता बढेको ।
- विद्यालय सञ्चालनमा आएपछि नजिकै सञ्चालन गरिएको व्यापारीको व्यवसाय बढेको र विद्यार्थीहरुलाई कापी, कलम किन्न र नास्ता खान सुबिधा भएको ।

**सामाजिक परीक्षणका क्रममा भएको छलफलपश्चात दिइएको निर्देशनः**

- निर्माण सम्पन्न विद्यालय भवनको रेलिङको चुच्चाहरु राम्ररी फिनिसिङ्ग गर्न उपमहानगरपालिका साइट इन्चार्जले प्रधानाध्यापकलाई निर्देशन दिएको ।

**ग. उच्च जोखिममा रहेका घरहरुको बीमा कार्यक्रम**

- विपद् जोखिम बीमासम्वन्धी कार्यविधि, २०८० अनुसार निश्चित विधि र प्रकृया पुरा गरेर नगरका वडा नं. ३ र ७ का उच्च जोखिमा रहेका १८४ घरहरु पहिचान गरी बिमा गरेको ।
- बिमा सेवा खरिद गर्दा नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद, नियमावली २०८१ को दफा ९८ (१४) अनुसार गरेको ।
- सेवा प्रदायक राष्ट्रिय बीमा कम्पनी लिमिटेडका प्रतिनिधि फिल्डमा खटिएर पहिचान गरिएका घरहरु जाँच गरेको र प्रमाणित गरेको ।
- छनौटमा परेका घरमूलीले आ-आफ्नो घर उच्च जोखिममा रहेको थाहा पाएको । वार्षिक रुपमा सानो रकम तिरेर क्षति भएमा ठूलो रकम क्षतिपूर्ति पाउनेबारे जानकार भएको र बिमा कार्यक्रममा सहभागी भएको ।
- बिमा गरिएका सबै घरले करचुक्ता गर्दा उपमहानगरपालिकाको राजस्व वृद्धि भएको ।
- उपमहानगरपालिकाले उच्च जोखिममा रहेका घरहरुको बिमा गरेर जोखिमको भार बिमा कम्पनीमा सारेको ।
- बीमा गरेकामध्ये २०८२ भाद्रमा क्षति भएको १ वटा घरलाई क्षतिपूर्ति दिलाउने प्रकृया अन्तिम चरणमा पुगेको ।



NTR Pvt.Ltd. Nepalgunj

| घ. एडभान्स फेसन डिजाइन तालिम |
| --- |
| • सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४, नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ र विद्यमान कानुनी प्रकृया पुरा गरेर तालिम सेवा प्रदायक छनौट गरेको ।<br>• निर्धारित समयमा तालिम शुरु गरेर सम्पन्न गरेको ।<br>• सेवा प्रदायकसँग तालिम दिन आवश्यक न्यूनतम सामग्रीहरु र उपकरणहरु रहेको ।<br>• आयोजकले नियमित प्रशिक्षकका अतिरिक्त सिटीइभिटीबाट लेभल ३ को तालिम दिन योग्य प्रशिक्षक समेतलाई मेन्टरको रुपमा परिचालन गरेको ।<br>• आधारभुत तालिम लिएका २५ जनामा फेसन डिजाइनवारेको एडभान्स ज्ञान तथा सिप बढेको ।<br>• विगतको तुलनामा सहभागीमा स्वरोजगार हुने आत्म विश्वास बढेको ।<br>• प्रशिक्षकहरुको सिकाउने शैली र व्यवहारबाट सहभागीहरु सन्तुष्ट रहेको ।<br>• तालिमका दौरान उपमहानगरपालिकाबाट पटक पटक अनुगमन गरेको । |
| **ङ भैसी प्रवर्द्धन कार्यक्रम** |
| • उपमहानगरपालिकाले दिएको ३ दिने भैसीपालन तालिम लिएर लक्षित किसानले आधारभूत ज्ञान तथा सिप सिकेको ।<br>• परम्परागत रुपमा भैसी पालन गरिरहेका किसानहरुलाई छनौट गरी अनुदान दिएको ।<br>• अध्ययनका क्रममा अनुदान लिएका सबैले भैसीपालन गरिरहेको पाएको ।<br>• सबै किसानहरुले भैसी र पाडापाडीको बिमा गरेको ।<br>• भैसी गोठ सुधार गर्न र चारा काट्ने मेसिन खरिद गर्न अनुदानले सहयोग पुगेको ।<br>• नेपालगन्जलाई आवश्यक दुग्धजन्य पदार्थ आपूर्तिमा योगदान गरेको ।<br>• दैनिक ८ लि. देखि ५० लि.सम्म दूध बिक्री गरेर मासिक रु. १६,८००/- देखि रु. १०५,०००/- सम्म आय आर्जन गर्ने गरेको । घरघरमा दूध पुर्‍याइदिने किसानले अझ राम्रो कमाइ गरेको ।<br>• केही किसान दुध विक्रीका लागि सहकारीको सदस्य भएको र सहकारीबाट उपलब्ध हुने सुविधा पाउने गरेको ।<br>• अरुको ज्याला मजदुरी गर्नुभन्दा आफै स्वरोजगार हुने काम गर्दा बढी स्वतन्त्रताको अनुभूति हुने, विश्राम गर्दै का मगर्दै गर्न पाइने र आम्दानी पनि राम्रो हुने भएकोले सन्तुष्ट रहेको ।<br>• भैसीपालनका लागि आवश्यक घाँस उत्पादनका लागि जग्गा भाडामा लिएर समेत कार्य गरेको । |
| **च. दोन्द्रा नाला सरससफाइ कार्य** |
| • सरसफाइ, फोहोर व्यवस्थापन र ढुवानीमा अस्थायी रोजगार सिर्जना भएको । |

- वर्षात्को पानी सहज निकास हुन गइ डुवान समस्या कम भएको ।
- काम गर्ने सिलसिलामा दर्घटना वा बिरामी हुँदा श्रमिकको औषधि उपचार गरेको ।

## ८. सामाजिक परीक्षणबाट देखिएका सुधार गर्नु पर्ने कुराहरु/कमजोरीहरु

### क. बागेश्वरी मन्दिर स्थित जुङ्गे महादेव मूर्ति र शिवलिङ्ग स्थापना, सरसफाई र मन्दिर जाने पुल स्तरोन्नती

- सार्वजनिक खरिद नियमावली २०६४, नेगउमनपाको सार्वजनिक खरिद नियमावली, २०८१ र विद्यमान कानुनको छिद्रभित्र पसेर एउटा काम दुईटा बनाएर ठेक्का दिनु ।
- तालको माटो परीक्षण नगरी काम शुरु हुनु र जेसीभी फस्नु, अड्कनु ।
- निर्माण स्थलमा निर्माण कार्य ढिला हुनुको खास कारणबारे जनतालाई समयमा जानकारी नदिनु, अनावश्यक टिप्पणी र जनदवाव खेप्नु,
- धर्मशास्त्रअनुसार खण्डित मूर्तिको पूजाआजा गर्न नहुने कुरा समयमा बुझाउन नसक्नु,
- मन्दिर परिसरको तालको पिधको पूर्ण सरसफाई कार्य पुरा नगरी पानी भर्नु,
- पुनर्निर्माणपश्चात रेखदेख र व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण गरिने वागेश्वरी मन्दिर गुठी व्यवस्थापन समितिलाई निर्माण प्रकृयामा कुनै जिम्मेवारी नदिनु ।
- प्रहरीको सुरक्षाका विच मन्दिर परिसरका सामग्री चोरी हुनु, तालको उत्तर पूर्वको समरसिवल नचल्नु ।

### ख. स्थानीयको साझेदारीमा श्री फुल्टेक्रा मा.बि.को ४ कोठे भवन निर्माण

- विद्यालय नयाँ ठाउँमा सारिएको भए पनि नाम र ठेगाना अद्यावधिक नगर्नु ।
- निर्माण कार्यमा परिचालित कामदारहरुको वीमा नगर्नु ।
- निर्माण सम्पन्न भवनको सुरक्षाको लागि विमा नगर्नु ।
- निर्माण सम्पन्न भवनको रेलिङमा प्रयोग गरिएको फलाम राम्ररी फिनिसिङ्ग नगर्नु ।
- विद्यार्थी र शिक्षकहरुको प्रयोगका लागि निर्माण गरिएका शौचालयको गन्ध छिमेकी घरसम्म पुग्नु, समयमा उचित मर्मतसंभार नगर्नु ।

### ग. उच्च जोखिममा रहेका घरहरुको वीमा कार्यक्रम

- विपद् जोखिम वीमासम्वन्धी कार्यविधि, २०८० मा उल्लेख भए अनुसार विमा दावीको भुक्तानि दिलाउन नसक्नु /सेवा प्रदायकले समयमा समयमा भुक्तानि नदिनु ।
- पहिलो चरणमा बिमा गरिएका १५१ घरमध्ये १ वटा घरले मात्र नवीकरण गर्नु ।
- सुन्दा र बुझ्दा कार्यक्रम राम्रो भएपनि दिगोपन सहितको रेप्लीकेसन नहुनु ।
- १५ लाख भन्दा वढी मूल्याङ्कन भएका घरहरु भएपनि सो मा नै सीमित रहेर बिमा गर्नु, लक्षित घरधुरीको आर्थिक सहभागिता नहुनु ।

- लक्षित घरधुरीले बिमा नविकरण नगर्ने निश्चित हुँदाहुँदै नगरपालिकाले यस आ.ब. मा पनि नविकरण गर्ने योजना बनाउनु, लक्षित घरधुरीले नविकरण गर्ने व्यवस्था मिलाउन नसक्नु ।
- बिमा सेवा प्राप्त गरेका घरधुरीहरुको बिवरण वडा कार्यालयमा टाँस नगर्नु र सम्बन्धित घरधनिलाई बिमासम्बन्धी कगजात उपलब्ध नगराउनु ।
- कार्यक्रम कार्यान्वयनका सम्बन्धमा वडा विपद् व्यवस्थापन समिति पूर्णतया सुपर परियोजनाका कर्मचारीहरु र प्रिमियमका सवालमा नगरपालिकाको भर पर्नु ।
- वडा न ७ को एक घरको भान्सामा आगलागी भएको भए पनि बिमा दावी नगर्नु र नगरपालिका/सुपर परियोजनाको सहजीकरणले नतिजा हासिल नहुनु ।

**घ. एडभान्स फेसन डिजाइन तालिम**

- कतिपय सहभागीहरुको फरक ठेगाना र सम्पर्क नहुने नम्बर उपलब्ध गराउनु ।
- तालिम लिएका २५ जनामध्ये सामाजिक परीक्षण गर्ने क्रमलमा ११ जना मात्र सहभागी हुनु ।
- स्थलगत अनुगमन गरिएका १० जना मध्ये ३ जना मात्र आंशिक स्वरोजगार हुनु ।
- तालिम लिने क्रममा सहभागीहरुले प्रस्तावमा उल्लेख भए बमोजिमको ज्ञान तथा सिप नसिक्नु । दुई जना मिलेर एउटा बस्तुको डिजाइन सिक्नु ।
- तालिम गर्ने क्रममा मेशिनमा पटक पटक समस्या आउनु । तालिमको कच्चा सामग्री कपडा ल्याउन पटक पटक ढिलो गर्नु ।
- प्रस्तावनामा सिप विकास पश्चात २० जना ४ वटा फेसन डिजाइनसम्बन्धि काम गर्ने उद्योगमा पदस्थापन गरिने उल्लेख गरेको भए पनि सो अनुरुप नहुनु ।
- सेवा प्रदायकले उपमहानगरपालिकामा पेश गरेको प्रतिवेदनमा हरेक सहभागीको तालिम पूर्व र तालिम पश्चातको मूल्याङ्कनको अभिलेख समावेश नगर्नु ।

**ङ भैसी प्रवर्द्धन कार्यक्रम**

- सम्बन्धित शाखाले अनुदान दिन पुरा गरेका प्रकृयाबारको कागजातहरु उपलब्ध गराउन नसक्नु,
- अनुदान उपलब्ध गराउनु पूर्व लक्षित किसानले कति दूध र दुग्धजन्य पदार्थ उत्पादन गरेर बिक्री गरेको र आम्दानी गरेको बारेको बेसलाइन जानकारी उपलब्ध नहुनु ।
- किसानहरु अझै पनि व्यवसायीक बन्न नसक्नु । अध्ययनमा सहभागी ४ मध्ये एउटाले मात्र न्यूनतम ३ वटा माउभैसी पाल्नु ।
- अनुदान रकम उपलब्ध गराएको स्थानीय सरकारले गोठ सुधारका लागि मापदण्ड उपलब्ध नगराएकोले किसानले स्तरीय गोठ बनाउन नसक्नु । आ. ब. समाप्त भएको ७ महिनामा अनुगमन गर्दा ४ मध्ये १ वटा गोठ प्रयोग नगरेको पाइनु ।
- बेला बेलामा भैसी बिरामी हुँदा किसानको ठूलो रकम खर्च हुनु । स्थानीय सरकारको नियमित प्राबिधिक तथा आर्थिक आर्थिक सहयोग नहुनु ।



Harsubedi NTR Pvt.Ltd. Nepalgunj

| |
|---|
| • तालिम लिने किसान र नियमत भैसीपाल्ने किसान फरक पर्नु । तालिम लिएकाले घरका सदस्यहरुलाई ज्ञान तथा सिप हस्तान्तरण नगर्नु । तालिमका सहभागी छान्दा यसबारे ध्यान नपुग्नु । |
| **च. दोन्द्रा नाला सरससफाइ कार्य** |
| • नाला सफा गर्ने कामदार लिने प्रकृया पारदर्शी नहुनु ।<br>• नाला सफाइमा परिचालित कर्मचारी र श्रमिकको श्रम ऐन २०७४ को दफा ५४ अनुसारको औषधि उपचार र ५५ अनुसारको दुर्घटना बिमा नगर्नु ।<br>• नाला सफा गरेर वरिपरी फोहोर थुपार्नाले पसलमा ग्राहक नआउनु, आएका पनि खरिद निर्णय गर्न नसकेर नाक थुनेर भाग्नु र व्यवसायीको कारोवार नहुनु ।<br>• नाला सफाई कार्यलाई प्रभावकारी र सुरक्षित वनाउन निजहरुलाई तालिम नदिनु ।<br>• सबै नालाको पूर्ण सफाइको अनुगमन प्रणाली फितलो हुनु । सजिलो ठाउँमा नाली सफा गर्नु र अप्ठेरो ठाउँमा त्यसै छोड्नु ।<br>• नालीको सतह मापन गरेर पानी कट्ने गरी तलको सतह सफाइ नगर्नु ।<br>• स्थानीयले पटक-पटक गुनासो गर्दा पनि नगर र वडाले रगत र बोसो नालामा फाल्ने कार्य बन्द गर्न नसक्ने, राँगाको मासु काटेर वेच्ने व्यवसायीहरुका कारण स्वास्थ्य जोखिम बढ्नु ।<br>• गत आ.व.मा नगरका ३३ वटा नाला सफाइ गर्न पेश्की लिएअनुरुप सफाइ कार्य गरेको प्रमाणित हुने प्रतिवेदन (फोटो समेत) पेश नगरी पेश्की फछ्र्यौट गर्नु । |

## ९. योजना तथा कार्यक्रमपश्चात देखिएका सामाजिक तथा आर्थिक प्रभावहरु

| |
|---|
| **क. बागेश्वरी मन्दिर स्थित जुङ्गे महादेव मूर्ति र शिवलिङ्ग स्थापना, सरसफाई र मन्दिर जाने पुल स्तरोन्नती** |
| • भवन संहिताअनुरुप नयाँ संरचना निर्माणबाट भक्तजनहरुले ढुक्कका साथ पूजा आराधाना गर्ने गरेको, जोखिम घटेको ।<br>• विगतको भन्दा फराकिलो पुल र जुंगे महादेव मन्दिर परिसर निर्माण भएकाले एकै पटक धेरै भक्तजनहरुले पूजा आराधना गर्न पाएको, धकेलाधकेल गर्ने अभ्यासमा कमि आएको, लामो समयसम्म पालो कुर्नु पर्ने अवस्था नरहेको, भक्तजनहरुको समय वचत भएको ।<br>• पवित्र महिना साउनको पहिलो सोमबार नै दर्शनका लागि खुल्ला गरिएकोले अधिकांश भक्तजनहरुले आफ्नो माग सम्बोधन भएको अनुभव गरेको ।<br>• मन्दिर वरिपरीका व्यपारीहरुले विगतमा भन्दा प्रसाद, फूलमाला खरिद गर्ने भक्तजनहरुको संख्या बढेको । |

- तलाउको पूर्वी किनारामा बनेको सिंढी प्रयोग गरेर भक्तजनहरुले जल छर्केर शुद्ध भएको अनुभव गरेको, उनीहरुमा खुशीयाली बढेको ।
- जुंगे महादेवको मूर्तिको पुरानो र नयाँ अनुहारमा फरक देखिएको भन्दै केही व्यक्तिहरुले अझै पनि असन्तुष्टी पोखिरहेको ।

**ख. स्थानीयको साझेदारीमा श्री फुल्टेका मा.बि.को ४ कोठे भवन निर्माण**

- विद्यार्थी र अभिभावकको विश्वास बढेको ।
- वि.सं. २०७८ मा विद्यार्थी संख्या ३०४ जना रहेकोमा २०८२ मा ३८९ पुगेको ।
- विद्यालय सञ्चालनमा आएपछि नजिकै सञ्चालन गरिएको व्यापारीको व्यवसाय बढेको र विद्यार्थीहरुलाई कापी, कलम किन्न र नास्ता खान सुबिधा भएको ।
- विगतको तुलनामा विद्यालय वरिपरीको जग्गाको मूल्य बढेको ।

**ग. उच्च जोखिममा रहेका घरहरुको वीमा कार्यक्रम**

- बिमा रकमले घर पुनर्निर्माण वा मर्मतसंभार गर्न सहयोग पुग्ने कुरामा लक्षित घरहरु निश्चिन्त देखिएको ।
- बिमाले दिर्घकालीन विस्थापन घटाउँछ र सामान्य जीवनमा छिटो फर्कन मद्दत गर्छ भन्ने विश्वास बढेको ।
- संभावित जोखिमबाट आर्थिक सरक्षा प्रदान गर्न स्थानीय सरकारले कार्य गरेको भनेर स्थानीय सरकारप्रतिको विश्वास बढेको ।
- बिमाले अप्ठेरो परिस्थितिमा परिवार पाल्न र घर बनाउन लिनु पर्ने ऋणको भारबाट मुक्ति पाइने विश्वास बढेको ।

**घ. एडभान्स फेसन डिजाइन तालिम**

- विपन्न, दलित वा सिमान्तकृत समुदायका महिलाहरुको सिप अभिबृद्धी गरेर समान रोजगार/स्वरोजगारको अवसर प्राप्त गरेको अनुभव गरेको ।
- लक्षित महिलाहरुमा नयाँ सिप, प्राविधिक ज्ञान र आत्मविश्वास बढेको ।
- महिलाहरुमा फेसन डिजाइनका बस्तुहरु उत्पादन गर्ने क्षमता बढेको, आम्दानी बढेको र स्वरोजगार भएको ।
- स्थानीय स्तरमा नै स्वरोजगारी र व्यवसाय सिर्जना भई विदेश पलायन घटाएको ।

**ङ भैसी प्रवर्द्धन कार्यक्रम**

- किसानहरु र निजका परिवारका सदस्यहरु स्वरोजगार भएको । गाउँघरमा आँशिक रोजगारीका अवसरहरु पनि सिर्जना भएको ।
- दूध, दही, घ्यू, पनीर, पाडापाडी, गोबर मल आदि बिक्रीबाट दैनिक नगद प्रवाह वृद्धि एवम् पारिवारिक आयमा सुधार ।
- पशुपालन, दाना उत्पादन, दूध संकलन, ढुवानी र प्रशोधन क्षेत्रमा रोजगारी अवसर विस्तार र थप रोजगारी सिर्जना ।



NTR Pvt.Ltd. Nepalgunj

- सहकारीमार्फत सामूहिक कार्य र पारस्परिक सहयोगको संस्कृति विकास । आर्जित नाफाबाट सदस्य कृषकहरुको हित हुने कार्यक्रम सञ्चालन ।
- गोबर मल प्रयोगबाट तरकारी तथा कृषि उत्पादन लागत घटेको र जैविक उत्पादन बढेको ।
- नगरभित्र दूध उत्पादन बढेर दुग्धजन्य पदार्थको आयातमा कमी एवम् आयात प्रतिस्थापनमा योगदान ।
- भैंसी पालेर आम्दानी गरेको देखेर थपुवाका युवापुस्ता पनि भैंसी पालनमा आकर्षित भएको ।
- बिहानदेखि बेलुकासम्म भैंसीको स्याहारसुसार र दानापानीमा संग्लन हुने किसानहरुको शरीर स्वस्थ र तन्दुरुस्त देखिएको ।
- परिवारमा दूध तथा दुग्धजन्य पदार्थको उपभोग बढेर बालबालिकाको पोषण स्तर सुधार देखिएको ।
- विपन्न तथा सीमान्तकृत समुदायको आयस्रोत बढेर जीवनस्तर सुधार आएको ।

**च. दोन्द्रा नाला सरससफाइ कार्य**

- नालाबाट सहजरुपमा पानी निकास हुँदा बर्षायाममा घर, पसल र पूर्वाधारमा हुने मर्मत खर्च घटेको ।
- वजार क्षेत्र डुबानमुक्त हुँदा व्यापार निरन्तर सञ्चालन भई आयमा स्थिरता ।
- सरसफाइका कारण पानीजन्य रोग घटेर औषधि तथा उपचार खर्चमा कमि आएको ।
- खुला र सफा नालाले दुर्घटना तथा जोखिम न्यूनीकरण ।

## १०. सामाजिक जिम्मेवारी पुरा गर्न संघीय र स्थानीय तहले गर्नु पर्ने कार्यहरु/ सुझावहरु

**क. संघीय सरकारले गर्नु पर्ने कार्यहरु**

- जनताको आश्थासँग जोडिएका परियोजनाहरुको निर्माण वा पुनर्निर्माण गर्दा न्यून मूल्य कवोल गर्ने भन्दा उचित मूल्य कबोल गर्ने र समयमा गुणस्तरीय निर्माण कार्य सम्पन्न गर्ने निर्माण कम्पनी गर्ने छनौट पाउने गरी सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र नेपालगन्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली २०८१ समयसापेक्ष अद्यावधिक गर्नु पर्दछ ।
- वहुक्षेत्रलाई प्रभाव पर्ने स्थानीय योजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि संघीय र प्रदेश सरकारले वजेट र प्राबिधिक सहयोग उपलब्ध गराउनु पर्दछ ।

**ख. नेपालगञ्ज उपमहानगरपालिकाले गर्नु पर्ने कार्यहरु**

- सामाजिक जवाफदेहिता प्रवर्द्धन सम्वन्धी कार्यविधि २०७७ (नमूना मस्यौदा) बमोजिम नेपालगञ्ज उपमहानगरपालिकाले कार्यविधि बनाई कार्यान्वयन गर्नु पर्दछ ।



NTR Pvt.Ltd. Nepalgunj

- सामाजिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७७ (नमूना मस्यौदा) को दफा १५ (१) मा उल्लेख भएअनुसार परीक्षण समन्वय समिति गठन गर्नु पर्दछ ।
- तत्कालीन जिल्ला विकास समितिले वि. सं. २०७२ मा तयार गरेको बागेश्वरी मन्दिरको गुरुयोजना अद्यावधिक गर्ने र सो अनुशरण गरी कार्य गर्नु, गराउनु पर्दछ ।
- शहरका सबै सामुदायिक विद्यालयहरु र तिनका नाममा रहेका जग्गा तथा संरचनाहरुको दिगो प्रयोगको गुरुयोजना निर्माण गर्नु पर्दछ । गुरुयोजना सम्बन्धित विद्यालयमा सबैले देख्ने गरी टाँस्ने व्यवस्था मिलाउनु पर्दछ ।
- उपलब्ध जग्गाको सदुपयोग गर्न र विद्यार्थीहरुमा योजना निर्माणको महत्व र योजना कार्यान्वयनको ज्ञान तथा सीपबारे भिल्कोपार्न गुरुयोजनालाई अनुशरण गरी निर्माण तथा व्यवस्थापकीय सुधारमा कार्यहरु गर्नु पर्दछ ।
- नेपालगन्ज उपमहानगरपालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५, भवन संहिता २०६० र विपद् जोखिम बीमासम्बन्धी कार्यविधि, २०८० को अक्षरश पालना गर्नु, गराउनु पर्दछ ।
- निर्माण कार्यमा ढिलाई हुनुका कारणहरुबारे समयमा पारदर्शीरुपमा जनसमक्ष सार्वजनिक गरेर स्थानीय सरकारप्रतिको जनविश्वास कायम गर्नु पर्दछ ।
- निर्माण तथा विकास निर्माणका परियोजनाहरु कार्यान्वयन गर्ने क्रममा स्थानीयले अपनत्व अनुभव गर्ने गरी नियमित रुपमा स्थानीय जनता र सरोकारवालाहरुसँग समन्वय गर्नु पर्दछ ।
- योजना तर्जुमा, कार्यक्रम विकास तथा कार्यान्वयनमा नगरका महाशाखा र शाखाहरुबिच उचित समन्वय र सहकार्य वृद्धि गर्नु पर्दछ ।
- भवनको डिजाइन गर्दा निर्माण सम्पन्न गरी अत्यावश्यक वस्तुहरु जडान गरी प्रयोगमा आउने सुनिश्चित हुने गरी डिजाइन र बजेटिङ्ग गर्नु पर्दछ । यस्ता कामहरुमा अनावश्यक दवाब दिनु हुँदैन र प्राविधिकको सल्लाह अनुशरण गर्नु पर्दछ ।
- उपभोक्ता समितिमार्फत निर्माण गरिने संरचनाहरुका सवालमा उपभोक्ताले गर्नु पर्ने श्रमदानलाई शहरी परिप्रेक्ष्यमा अनुसन्धान गरी व्यवहारिक हुने गरी नीति अद्यावधिक गर्नु पर्दछ ।
- स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान शीर्षकबाट मर्मतसंभारकालागि काटिएको रकम नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक सम्पत्तिहरुको समयमै मर्मतसम्भार गर्न बनेको ऐन, २०८२ बमोजिम विद्यालयको खातामा जम्मा गर्नु पर्दछ ।
- उपलब्ध सार्वजनिक जग्गामा मरेका जनावर गाड्ने निश्चित स्थानहरु तोक्नु पर्दछ ।

**ग. शहरी तथा पूर्वाधार विकास महाशाखाले गर्नु पर्ने कार्यहरु**

- धेरै जनताको चासो हुने परियोजनाहरु निर्माण/पुनर्निर्माण गर्नु अघि विस्तृतरुपमा पूर्व संभाव्यता अध्ययन गर्नु पर्दछ । यस्ता परियोजनाको निर्माण कार्यको लागत अनुमान


NTR Pvt.Ltd. Nepalgunj

स्वीकृत गर्दा नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ को दफा १३ (६) बमोजिम गर्नु पर्दछ ।

- उपयुक्त समयमा जुंगे महादेव मन्दिर परिसरको तालको उचित सफाइ गरी पुनः पानी भर्नु पर्दछ । साथै त्यहाँ लेउ जम्ने र पानी फोहोर हुने समस्या समाधान गर्न पानीलाई गतिशिल बनाउने फोहोरा जडान गर्नु पर्दछ ।
- विगतमा आयोजना कार्यान्वयन गर्दा भएका सिकाइहरु डकुमेन्टेसन गरेर सम्बन्धित कर्मचारीहरु, व्यवस्थापन समिति र जनप्रतिनिधिहरुले पुनः सोही प्रकृतिका कमजोरी नदोहोऱ्याउने प्रतिबद्धता गर्नु पर्दछ ।
- आयोजना अपूर्ण हुने संभावना न्यून गर्न प्राबिधिक डिजाइन, सो को आवश्यकता, संभावित जोखिम र जोखिम कम गर्ने उपायहरुबारे प्राबिधिकहरुले निर्णयकर्तालाई प्रमाण र तर्कसहित बुझाउँनु पर्दछ र निर्णयकर्ताले पनि सो अनुसार निर्णय गर्नु पर्दछ ।
- विद्यालय भवनको डिजाइनमा परेको वा भवनको छतबाट तल खस्ने पानीको उचित निकास नजिकैको ढल प्रणालीमा एकीकृत गरेको हुनु पर्दछ ।

**घ. सामाजिक गैसस तथा साझेदारी विकास शाखाले गर्नु पर्ने कार्यहरु**

- सहभागी छनौट गर्दा सार्वजनिक सूचना प्रकासन गरी विगतमा आधारभूत तालिम लिएकामध्येबाट प्रतिस्पर्धा गराएर, आधारभूत ज्ञान तथा सिप परीक्षण गरेर र अतिरिक्त सिप सिकेपश्चात स्वरोजगार हुने प्रतिबद्धता गरेका मध्येबाट छनौट गर्नु पर्दछ ।
- तालिमका प्रशिक्षकले हरेक शेशनको स्किल टेष्ट गरेको हुनु पर्दछ र सेवा प्रदायकसँग सल्लाह गरेर कमजोर सहभागीकालागि अतिरिक्त कक्षाको व्यवस्था गरेर कोर्सअनुसारको ज्ञान तथा सिप सिकेको निश्चित गर्नु पर्दछ ।
- सेवा प्रदायकले हरेक सहभागीको तालिम पूर्व र तालिम पश्चातको मूल्याङ्कन तालिमको प्रतिवेदनमा समावेश गरेको हुनु पर्दछ ।
- प्रतिवेदनमा २० प्रतिशत सैद्धान्तिक र ८० प्रतिशत प्रयोगात्मक क्रियाकलापमा सहभागी गराएको उल्लेख गरेअनुरुप सो प्रमाणित हुने कागजातहरु प्रतिवेदनमा समावेश गर्नु पर्दछ ।
- उपमहानगरपालिकाले एडभान्स फेसन डिजाइन तालिमका विषय विज्ञबाट तालिमको अनुगमन गराउने व्यवस्था मिलाउनु पर्दछ ।
- सिप विकास तालिमहरुको योजना बनाउँदा लगानीको प्रतिफल सुनिश्चित गर्न तालिमपश्चात सहभागीलाई रोजगार/स्वरोजगारमा पदस्थापन गर्न केही प्रशित बजेट थपेर भए पनि अनिवार्य गर्नु पर्दछ ।

| |
|---|
| • सेवा प्रदायकबाट आम्दानी र खर्च सार्वजनिक गर्ने अभ्यास गराउँदा सुशासन र पारदर्शिता वृद्धि हुन्छ ।<br>• प्रतिवेदनमा सेवा प्रदायकले तालिमका दौरान सिकेका कुरा, सुधार गरेका कुरा र साझेदारसहित भै आगामी दिनमा तालिमलाई अझ प्रभावकरी गराउन समीक्षा गरी सोको डकुमेन्टेसन गर्नु पर्दछ ।<br>• तालिमका क्रममा हरेक सहभागीले गरेको कामको रजिष्टरमा रअभिलेख राख्ने व्यवस्था गर्नु पर्ने बारे सिकाउनु पर्दछ । यसो गर्नाले अनुगमनमा जानेलाई उनीहरुले तालिमपश्चात गरेका कामबारे निश्चिन्त भई बताउन सक्दछन् । |
| **ङ. शिक्षा, युवा तथा खेलकुद महाशाखाले गर्नु पर्ने कार्यहरु** |
| • विद्यालय नयाँ स्थानमा सार्दा पुरानो भवनको सदुपयोग योजना बनाएर लागू गर्नु पर्दछ ।<br>• नयाँ विद्यालय भवन निर्माण गर्नुअघि त्यस क्षेत्रका स्थानीय बासिन्दालाई समयमै जानकारी गराई, आवश्यक सहयोगका लागि सहभागी गराउँदा विद्यालयको सुरक्षा, संरक्षण र दिगोपनामा उनीहरूको अपनत्व तथा जिम्मेवारी हुने भएकाले यस अभ्यासलाई प्राथमिकता दिनु पर्दछ ।<br>• फुलटेक्रा मा. वि. मा बनेका ४ वटा भवनको पहिलो तल्ला एक आपसमा जोड्दा विद्यार्थी र शिक्षकको आवागमनमा सजिलो र समय बचत हुन्छ ।<br>• विद्यालयको गुरु योजना बनाएर कार्य गरेको भए फुलटेक्रा मा. वि. मा निर्माण गरिएका ४ वटा भवनमा ४ वटा अलग अलग सिंढी आवश्यक छैन । दुईटा नै पर्याप्त छन् । चार वटाका ठाउँमा दुईटा हुँदा लगानी र स्थान बचत हुन्थ्यो । डिजाइनमा यस्ता कुराहरुमा ध्यान दिनु पर्दछ ।<br>• विद्यालय निर्माणको योजना बनाउँदा नै दिगोपनाका लागि मर्मतसम्भार कोषको व्यवस्थापन गर्नु पर्दछ र ती कोषको सम्वन्धित काममा नै प्रयोग गर्नु पर्दछ ।<br>• नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक सम्पत्तिहरुको समयमै मर्मतसम्भार गर्न बनेको ऐन, २०८२ को दफा ५ (ख) अनुसार वि. सं. २०८० मा निर्माण गरिएको भवनलाई पूर्णता दिई भवनको सिंडीमा रेलिङ, ढोका र झ्यालमा ग्रिल नहुँदाको जोखिम घटाउन तत्काल कार्य गर्नु पर्दछ । |
| **च. आर्थिक विकास महाशाखा अन्तरगतको पशुपंक्षी सेवा शाखाले गर्नु पर्ने कार्यहरु** |
| • नेपालगन्ज शहरमा दूधको माग र खपतलाई आधार मानेर पशुपंक्षी सेवा शाखाले दूधमा आत्मनिर्भर हुने योजना बनाउनु पर्दछ ।<br>• भैंसीपालन व्यवासायलाई प्रवर्द्धन गर्न नियमित प्राविधिक सेवा र मुख्य मुख्य रोगका औषधि र खोप आवश्यक परेको समयमा निःशुल्क उपलब्ध गराउने व्यवस्था हुनु पर्दछ ।<br>• स्थानीय सरकारबाट सबै पशुमा निःशुल्क कृत्रिम गर्भाधान गराउनु पर्दछ । |

- बजारमा उपलब्ध गुणस्तरहिन औषधि र दानाले पशु स्वास्थ्यमा नकारात्मक असर परेको, छोटो समयमा दूध सुक्ने गरेको पाइएकोले सोको प्रभावकारी अनुगमन गरेर त्यस्ता व्यवसायीलाई कानुनको दायरामा ल्याउनु पर्दछ ।
- नयाँ पुस्तामा भैसीपालनका क्षेत्रमा उपलब्ध रोजगार/स्वरोजगारको अवसरको सदुपयोगका लागि उत्प्रेरित गर्नु पर्दछ । युवा उद्यमीलाई थप सहयोग गर्नु पर्दछ ।
- छिमेकी देशमा जस्तै उत्पादनको आधारमा कृषकलाई अनुदान वा पुरस्कार दिने व्यवस्था गर्दा भैसीपालन व्यवसाय दिगो हुन्छ ।
- पशुपालन व्यवसायको दिगोपनकोलागि अनुदान दिनु अघि व्यवसायिक योजना बनाउन र सोको कार्यान्वयन गर्न प्राविधिक सहयोग उपलब्ध गराउनु पर्दछ ।

**छ. योजना तथा विपद् व्यवस्थापन महाशाखा अन्तरगतका विपद् व्यवस्थापन शाखा र सरसफाई तथा वातावरण प्रवर्द्धन शाखाले गर्नु पर्ने कार्यहरु**

- उच्च जोखिममा रहेका घरहरुको विमा नवीकरण गर्ने कार्य असल अभ्यासमा परिणत नहुँदासम्म व्यवहार परिवर्तन गर्ने खालको सञ्चारलाई नियमितता दिनु पर्दछ ।
- व्यवहार परिवर्तन सञ्चारवाट अपेक्षित नतिजा हासिल (स्वयं विमा नविकरण अभ्यास) गर्न दक्ष सहजकर्ता परिचालन गर्नु पर्दछ ।
- विपद् जोखिम विमाजस्ता पाइलट प्रोजेक्ट सञ्चालन गर्दा उच्च जोखिममा रहेकामध्ये विमा रकममा घरधनिले योगदान गर्ने गरी उदाहरण स्थापना गर्न सकिने टोललाई पनि लिनु पर्दछ । यसकालागि नगरका सबै घरलाई उच्च, मध्यम र न्यून जोखिममा विभाजन गरी स्थानीय सरकारले विमा रकमको क्रमशः १००, ५० र २५ प्रतिशत योगदान गर्नु पर्दछ ।
- नगर भित्र सञ्चालनमा रहेका सबै बैंक तथा वित्तीय संस्था र विमा कम्पनीहरुसँग सहकार्य गरेर ऋण दिंदा नगरले गरेको बिमालाई मान्यता दिने प्रावधान बनाउनु पर्दछ । विमा कार्यक्रममा नगरका सबै घरलाई लक्षित गरी सम्बन्धित बैंक तथा वित्तीय संस्था र विमा कम्पनीलाई जनचेतना जगाउन समेत जिम्मेवार गराउनु पर्दछ ।
- विद्यमान विपद् जोखिम बीमासम्वन्धी कार्यविधि, २०८० लाई व्यवसयिक र सार्वजनिक संस्थाका भवनहरुसमेत समेट्ने गरी अद्यावधिक गर्नु पर्दछ ।
- नयाँ वन्ने घर सम्पन्नताको प्रमाण पत्र दिनुअघि र हरेक बर्ष व्यावसाय/संस्था नवीकरण गर्दा बिमा गरेको प्रमाण पेश गर्नु पर्ने प्रावधान थप्नु पर्दछ । साथै हरेक सार्वजनिक संस्थाले आ.व.को अन्तिम साता अर्को वर्षको लागि बिमा नविरकण गर्नु पर्ने प्रावधान थप्नु पर्दछ ।
- नाला सफाइमा परिचालित कर्मचारी र श्रमिकको श्रम ऐन २०७४ को दफा ५४ अनुसारको औषधि उपचार र ५५ अनुसारको दुर्घटना बिमा गर्नु पर्दछ ।

- नालाको नियमित र निर्बाध सरसफाइमा व्यक्तिगत घरहरुले गर्ने अवरोधको दिर्घकालीन समाधानका लागि दायाँ र बाँया कम्तिमा ३ मिटरको बाटो खोल्नु पर्दछ ।
- नालीको फोहर पानी छताछुल्ल भएका घरआँगनमा जानबाट रोक्न सतह मापन गरेर आवश्यक ठाउँमा पर्खाल थप्नु पर्दछ ।
- नाला वरिपरीका घरबाट नालीमा शौचालयको ढल मिसाउने र घर तथा व्यवसायको फोहर ल्याएर नालीमा फाल्ने कार्य तत्काल बन्द गर्न प्रभावकारी कदम चाल्नु पर्दछ ।
- नगरको वातावरण ऐनबारे जानकारी दिई कानुनको वर्खिलाप हुने गरी कार्य गर्ने विरुद्ध तत्काल कारवाही गर्नु पर्दछ ।
- पूलमुनि र लामो ढक्कन भएको स्थानमा सफा गर्न मेटल चेन ड्र्याग खरिद गरी प्रयोग गर्नु पर्दछ ।
- फहोर व्यवस्थापन र नाली सरसफाइमा टोल विकास संस्थालाई सक्रिय बनाएर हरेक टोलमा सचेतना अभिबृद्धि गर्ने, लापरवाही गरेमा कारवाही हुने बताउने र ती संस्थालाई जरिवाना असुलउपर गर्ने गरी जिम्मेवार बनाउनु पर्दछ ।
- नाला सफा गरेपछि सुकाउन वरिपरी राख्दा दुर्गन्ध कम गर्न चुना र फिनायल छर्कने व्यवस्था मिलाउनु पर्दछ ।
- रोजगार सेवा केन्द्रसँग समन्वय गरेर दर्ता भएका श्रमिक परिचालन गर्दा नगरभित्र अन्तर शाखा समन्वय प्रभावकारी हुन्छ ।
- नगरका बजार क्षेत्रका कतिपय बस्तीमा फोहोर उठाउने ट्र्याक्टर नजाने गरेकाले फोहोर फालिएको बताइएको छ । सोको थप अध्ययन गरी फोहोर यत्रतत्र फाल्ने कार्य बन्द गर्नु पर्दछ ।
- नगरको योजना अनुसारका सबै क्षेत्रमा नाली सफा नगरेको जनगुनासो छ । यसर्थ, नाला सफाइ कार्यको प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।
- सरसफाई र विपद् व्यवस्थापनमा खटिने जनशक्तिलाई हरेक बर्ष प्राथमिक उपचारको पुनर्ताजगीं तालिम दिनु पर्दछ ।

**ज. वित्त व्यवस्थापन महाशाखा अन्तरगतको आर्थिक प्रशासन शाखाले गर्नु पर्ने कार्यहरु**

- कार्यक्रमकालागि दिएको पेश्की फछ्र्यौट गर्दा उक्त कार्यक्रम सम्पन्नताको विस्तृत प्रतिवेदन माग्नु पर्दछ । साथै सम्वन्धित महाशाखा/शाखाले पेश गरेको हाजिरी समेत परीक्षण गर्नु पर्दछ ।

## ११. निष्कर्ष

यस सामाजिक परीक्षणबाट नेपालगञ्ज उपमहानगरपालिका ले आ.व. २०८१/०८२ मा कार्यान्वयन गरेका योजना तथा कार्यक्रमहरू कानुनी आधार र नीतिगत ढाँचाभित्र रही सञ्चालन गरेको देखिन्छ । अधिकांश कार्यक्रमहरूले समुदायमा प्रत्यक्ष सामाजिक तथा आर्थिक लाभ पुऱ्याएका छन् ।

धार्मिक तथा सांस्कृतिक संरचना सुधारले जनआस्था सुदृढ गरेको छ भने विद्यालय पूर्वाधार विकासले शैक्षिक गुणस्तर र आकर्षण बढाएको छ । विपद् जोखिम बीमा कार्यक्रमले जोखिम व्यवस्थापनमा नयाँ अभ्यास स्थापना गरेको छ, यद्यपि यसको दिगोपना सुनिश्चित गर्न नवीकरण र जनसहभागिता बढाउन आवश्यक छ । सीप विकास र पशुपालन प्रवर्द्धन कार्यक्रमहरूले आयआर्जन र स्वरोजगारमा योगदान पुऱ्याएका छन्, तर व्यवसायिकता, प्राविधिक सेवा र अनुगमन प्रणाली थप सुदृढ गर्नुपर्ने देखिएको छ ।

